# मेरिङदेन गाउँपालिका

## स्थानीय राजपत्र

मेरिङदेन गाउँपालिका द्वारा प्रकाशित

खण्डः ०१ संख्याः ०५ मितिः२०८१।११।२८

भाग २

## मेरिङदेन गाउँपालिका

## सामुदायिक जैविक- सास्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष व्यावस्थापन कार्यविधि २०८१

कार्यपालिकाबाट स्विकृत मितिः २०८१।११।२८

राजपत्रमा प्रकाशित मितिः २०८१।११।२८

# सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८१

## मेरिङदेन गाउँपालिका

२०८१

मेरिङदेन गाउँपालिकाको
सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन
कार्यविधि, २०८१

# सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/११/२८
प्रमाणिकरण मिति: २०८१/११/२८

**प्रस्तावना :**

विश्वको तेश्रो अग्लो हिमाल कञ्चनजंघा र पाँचौं अग्लो हिमाल मकालुको बीचमा अवस्थित ताप्लेजुङ र ताप्लेजुङ, तेह्रथुम तथा ताप्लेजुङ्ग जिल्लाको संगम स्थलमा फैलिएको तीनजुरे-मिल्के-जलजले.क्षेत्रका भू-भागहरु प्राकृतिक, जैविक तथा साँस्कृतिक सम्पदायुक्त विशिष्ट क्षेत्र रहेको तथ्य आत्मसात् गर्दै सो टिएमजे क्षेत्रको यस मेरिङदेन गाउँपालिका अन्तर्गत पर्ने जति भू-भागमा उपलब्ध जैविक विविधता, प्राकृतिक तथा सनातन सांस्कृतिक सम्पदाको सम्वेदनाशिलता उपर सम्मान जनाउदै यो क्षेत्रलाई अत्यावश्यक न्यून भौतिक पूर्वाधार निर्माण गरी यस भू-भागमा उपलब्ध जैविक-सांस्कृतिक सम्पदाको संरक्षण गर्दै पर्यापर्यटन मार्फत स्थानीय समुदायको जिविकोपार्जनमा दिगो टेवा पुर्याउन वाञ्छनीय भएकोले स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन ऐन, २०८१ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी मेरिङदेन गाउँ कार्यपालिकाले सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८१ जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन ऐन, २०८१ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मेरिङदेन गाउँ कार्यपालिकाद्बारा तोकेको यस कार्यविधिको अनुसूची-१ बमोजिमको चारकिल्ला भित्र रहेको सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र भरी लागु हुनेछ।

(३) यो कार्यविधि मेरिङदेन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः

(क) **"आदिवासी जनजाति"** भन्नाले आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन, २०५८ ले परिभाषित गरेका आदिवासी जनजातिलाई सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले मेरिङदेन गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन ऐन, २०८१ सम्झनु पर्छ।

(ग) **"कार्यविधि"** भन्नाले मेरिङदेन गाउँपालिकाको सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८१ लाई सम्झनु पर्छ।

(घ) **"गाउँपालिका"** भन्नाले मेरिङदेन गाउँपालिका सम्झनु पर्छ।

(ङ) **"कार्यपालिका"** भन्नाले मेरिङदेन गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(च) **"गोठ स्टे"** भन्नाले उच्च हिमाली भू-भागमा रहेका परम्परागत गोठहरुलाई गाउँपालिकाले तोके बमोजिमको मापदण्ड अनुसार पर्यटक तथा आगन्तुकहरुलाई स्थानीय मौलिक संस्कृति समेत झल्कने गरी आवास,

उदय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

मनोरन्जन, खानपान र अन्य सेवा सुविधा प्रदान गर्ने उदेश्यले निजी वा सामुदायिक रुपमा संचालन गरिएको गोठबास सेवा सम्झनु पर्छ।

(छ) **"ट्रेकिंग एजेन्सी"** भन्नाले पर्यापर्यटक वा अन्य व्यक्तिलाई विविध प्राकृतिक एवं साँस्कृतिक दृश्यावलोकन गराउने उदेश्यले शुल्क लिई वा नलिई विभिन्न स्थानहरुमा यात्रा गराउन प्रवन्ध मिलाउने प्रचलित कानुन बमोजिम ईजाजतपत्र प्राप्त व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनु पर्छ।

(ज) **"डिभिजन वन कार्यालय"** भन्नाले ताप्लेजुङ डिभिजन वन कार्यालयलाई सम्झनु पर्छ।

(झ) **"पथ प्रदर्शक"** भन्नाले पारिश्रमिक लिई पर्यापर्यटकको साथमा रहने गरी पथ प्रदर्शनको लागि काम गर्ने प्रचलित कानुन बमोजिम ईजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ञ) **"व्यवस्थापन समिति"** भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठित सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन समिति सम्झनु पर्छ।

(ट) **"विधान"** भन्नाले सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन समितिको विधानलाई सम्झनु पर्छ।

(ठ) **"विशेष क्षेत्र"** भन्नाले ऐनको दफा ४ को अधिनमा रही कार्यपालिकाले निर्धारण गरेको यस कार्यविधिको अनुसूची-१ अन्तर्गत उल्लिखित सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र सम्झनु पर्छ।

(ड) **"होम स्टे"** भन्नाले पर्यटक तथा आगन्तुकलाई स्थानीय मौलिक संस्कृति समेत झल्कने गरी आवास, मनोर~जन, खानपान र अन्य सेवा सुविधा प्रदान गर्ने उद्देश्यले, आफ्नै घर वा समुदायमा निजी वा सामूहिक रुपमा संचालन गरिएको घरबास सेवा सम्झनु पर्छ।

(ढ) **"सव-डिभिजन वन कार्यालय"** भन्नाले ताप्लेजुङ डिभिजन वन कार्यालय मातहतको सव-डिभिजन वन कार्यालयलाई सम्झनु पर्छ।

(ण) **"सामुदायिक वन उपभोक्ता समूह"** भन्नाले वन सम्बन्धी प्रचलित कानून अनुसार गठन भएको सामुदायिक वन उपभोक्ता समूहलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## विशेष क्षेत्र सम्बन्धी व्यवस्था

**३ .विशेष क्षेत्र सम्वन्धमा:**

गाउँपालिकामा बसोबास गर्ने स्थानीय समुदायहरुलाई समेत सक्रिय रुपमा सहभागी गराई गाउँपालिकाको जैविक-सांस्कृतिक सम्पदा संरक्षण गर्ने गराउने उद्देश्यले यस कार्यविधिको अनुसुची १-अन्तरगत तोकिएको चार किल्ला सिमाना भित्रको क्षेत्रलाई ऐनको दफा ४ को उपदफा) १( बमोजिम कार्यपालिकाले सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्रको रुपमा निर्धारण गरेको छ।

**४ .संरक्षक:**

गाउँपालिका अध्यक्ष सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्रको संरक्षकको रुपमा रहनेछन। साथै गाउँपालिका उपाध्यक्ष सह संरक्षकको रुपमा रहनेछन।

**५. उद्देश्य:** यस सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन गर्नुको मुख्य उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) यस क्षेत्रमा जैविक सांस्कृतिक सम्पदालाई हानी नोक्सानी गर्ने थप नयाँ भौतिक पूर्वाधार निर्माणलाई निरुत्साहित गर्दै जैविक-साँस्कृतिक पर्यापर्यटन क्षेत्रको रुपमा विकास गर्ने।

उदय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

(ख) यस क्षेत्रको पर्यावरण, जैविक विविधता, तालतलैया, जलाधार, पिटल्याण्ड, सिमसार क्षेत्र र जीवजन्तुको संरक्षण गर्ने ।

(ग) यस क्षेत्रलाई प्रदुषण रहित स्वच्छ वातावरण रहेको नमुना पर्यापर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने।

(घ) स्थानीय जातजातिहरुको सनातन कला संस्कृति भाषा तथा भेषभुषा, रहन सहन, परिकार आदिको प्रवर्द्धन गर्ने।

(ङ) पर्यापर्यटनको आधारभूत पूर्वाधारको प्रवर्द्धन गरी त्यसबाट प्राप्त प्रतिफल यस क्षेत्रको जैविक तथा सांस्कृतिक संरक्षण र स्थानीय समुदायको दिगो जिविकोपार्जनको बृहत्तर हित एवं विकासमा प्रयोग गर्ने ।

(च) यस क्षेत्रलाई जैविक पर्यापर्यटन तथा बहु सांस्कृतिक क्षेत्रको रुपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिचित गराउने ।

(छ) ग्रामिण स्तरमा स्वरोजगारको अवसर सिर्जना गरी स्थानीय जनतालाई आर्थिक रुपमा सवल बनाउने ।

(ज) यस क्षेत्र भित्र रहेका खाली जग्गा तथा नागीहरुमा स्थानीय प्रजातिका वनस्पतिहरुको वृक्षारोपण गर्ने ।

(झ) जैविक विविधता संरक्षण सम्बन्धी परम्परागत ज्ञान, सीप र प्रविधिको जगेर्णा, प्रवर्द्धन तथा हस्तान्तरण गर्ने ।

(ञ) वन्यजन्तुको बासस्थान तथा जैविक मार्गको सुरक्षा प्रबन्ध मिलाउने ।

(ट) विशेष क्षेत्रको जैविक-सांस्कृतिक सम्पदाको संरक्षणार्थ अन्य आवश्यक कार्य गर्ने

(ठ) टीएमजे क्षेत्रसंगको स्वामित्व स्थापना पर्ने ।

६. **क्षेत्राधिकार**: गाउँपालिका र व्यवस्थापन समितिले दफा ५ मा उल्लिखित उद्देश्यहरु प्राप्तिको लागि आवश्यक कार्यहरु गर्न सक्नेछन ।

७. **कर्तव्य:** (१) विशेष क्षेत्रको जैविक-सांस्कृतिक सम्पदालाई संरक्षण गर्नु गाउँपालिकाको प्रमुख जिम्मेवारी रहनेछ र गाउपालिकाको जिम्मेवारीलाई पूरा गर्न व्यवस्थापन समितिले सहयोगी तथा समन्वयकारी भूमिका निर्वाह गर्नु पर्नेछ ।

(२) विशेष क्षेत्रको जैविक-सांस्कृतिक सम्पदालाई आफै संरक्षण गर्न वा गाउँपालिका र व्यवस्थापन परिषदलाई संरक्षण कार्यमा योगदान गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

## परिच्छेद-३
## निषेधित कार्य सम्बन्धी व्यवस्था

८. **यस क्षेत्र भित्र निषेध गरिएका कार्यहरुः** (१) विशेष क्षेत्रमा निम्न लिखित कार्यहरु गर्न पाइने छैन:

(क) यस क्षेत्रको जैविक-सांस्कृतिक सम्पदा रक्षार्थ अनुमति प्राप्त गरी वैज्ञानिक अनुसन्धानको निमित्त नमूना सङ्कलन गर्न बाहेक अन्य अवस्थामा कुनै पनि वन्यजन्तु, पंक्षी वा जलचरलाई मार्न, पक्रन, लखेट्न, तर्साउन वा चोटपटक पुर्याउन, धरापमा पार्न, पासो थाप्न वा सोको उद्योग गर्न ।

(ख) विशेष क्षेत्रभित्र कुनै किसिमको किटनाशक विषादी लैजान वा रसायनिक पदार्थको प्रयोग गरी जंगली जनावरलाई लठ्याउन, विषालु पदार्थ फ्याँक्न वा नदी खोला, ताल, पानीको अन्य कुनै स्रोत वा सिमसारमा मिसाउन ।

(ग) प्लाष्टिकका बोतल, प्लाष्टिकजन्य झोला तथा खोलहरु र यस्तै अन्य वातावरण प्रदुषण गर्ने सामग्री प्रयोगमा ल्याई जथाभावी फ्याली फोहर गर्न ।

(घ) गाउँपालिका तथा व्यवस्थापन समितिले तोकेको निषेधित क्षेत्रमा प्रवेश गरी निषेधित कार्य गर्न, जथाभावी आगो बाल्न वा डढेलो लगाउन।

उदय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

(ङ) यस विशेष क्षेत्र वा आसपासमा रहेको कुनै पनि भौतिक तथा पुरातात्विक महत्वका संरचनालाई क्षति पुर्याउन, भू-क्षय जस्ता प्राकृतिक प्रकोप निम्तिने कुनै किसिमको कार्य गर्न ।

(च) विशेष क्षेत्रभित्र ध्वनि प्रदुषण हुने किसिमका रेडियो, टेपरेकर्डर, लाउड स्पीकर, माइक जस्ता ध्वनि प्रदुषणजन्य साधनहरु ठूलो आवाजमा बजाउन ।

(छ) गाउँपालिकाले तोके बमोजिम बाहेक अन्य कुनै किसिमको चिह्न, सूचना, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु टाँस्न, भित्ते लेखन गर्न ।

(ज) स्थानीय सनातन धर्म, संस्कृति, परम्परा, जीवजन्तु तथा प्रकृतिलाई असर पुग्ने मोटर बाटो लगायतका भौतिक संरचनाहरुको निर्माण गर्न ।

(झ) मिचाहा प्रजातिका र नेपाल सरकारले निषेध गरेका विरुवा वा पशुपंक्षी विशेष क्षेत्रभित्र ल्याउन वा छाड्न ।

(ञ) कुनै पनि प्रयोजनका लागि खोला तथा नदीलाई फर्काउन वा मोड्न (डाइभर्ट गर्न) ।

(ट) पूर्वाधार विकासको कार्य गर्दा प्राकृतिक तथा सनातन सांस्कृतिक सम्पदालाई हानी नोक्शानी गर्ने डोजर वा स्क्याभेटर जस्ता उपकरणहरुको प्रयोग गर्न ।

(ठ) प्राकृतिक तथा सनातन सांस्कृतिक सम्पदालाई हानी नोक्शानी हुने गरी खानी उत्खनन गर्न, चट्टान फुटाउन, ब्लास्टिङ्ग गर्न, जलश्रोत र जलाधारको उत्खनन गर्न ।

(ड) वन्य जन्तुलाइ अवैध रुपमा छेक्न, थुन्न वा बन्धक बनाएर राख्न ।

(ढ) विशेष क्षेत्रको प्राकृतिक र सनातन सांस्कृतिक सम्पदालाई हानी नोक्शानी गर्ने अन्य कुनै पनि किसिमका नकारात्मक कार्य गर्न ।

(ण) विद्युतिय धराप प्रयोग गरी माछा तथा जीवजन्तु मार्न पाइने छैन ।

(२) व्यवस्थापन समितिको स्वीकृति नलिई विशेष क्षेत्रमा देहायका कार्यहरु गर्न पाइने छैन:

(क) प्रकृति पथ प्रदर्शक (नेचर गाईड) को रुपमा सेवा प्रदान गर्न।

(ख) कुनै पनि संघसंस्थाले प्राकृतिक संरक्षण, पर्यापर्यटन प्रवर्द्धन, जलाधार संरक्षण तथा उपयोगको नाममा कुनै पनि कार्य गर्न ।

(३) व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाको पूर्व स्वीकृति नलिई देहायका कार्यहरु गर्न पाइने छैन :

(क) यस क्षेत्र भित्र व्यावसायिक वृत्तचित्र निर्माण, चलचित्र छायाँङ्कन लगायतका कार्य गर्न ।

(ख) यस क्षेत्र भित्र रहेका पानीका स्रोतहरु खानेपानी वा सिंचाइको लागि अन्यत्र लैजान ।

(ग) यस क्षेत्र भित्र लघु तथा साना जलविद्युत आयोजना संचालन गर्न ।

(घ) सामुदायिक वन बाहेकको सार्वजनिक विशेष क्षेत्रमा बहुमुल्य नगदे जडिबुटीहरु संकलन गर्न, टिप्न वा खन्न ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय समुदायको प्रथाजनित सनातन परम्परागत कार्यहरु गर्नलाई र सामुदायिक वन उपभोक्ता समूहहरुलाइ संरक्षण, संबर्धन र उपयोगका कार्यहरु सम्पादन गर्न यस दफाले वाधा गरेको मानिने छैन ।

(५) व्यवस्थापन समितिले पर्यटक तथा आगन्तुकको लागि पर्यटक तथा आगन्तुक आचारसंहिता जारी गर्न सक्नेछ ।

(६) यस क्षेत्रमा व्यवस्थापन समिति वा गाउँपालिकाले प्राकृतिक तथा सांस्कृतिक संवेदनशिलतालाई मध्यनजर गर्दै आवश्यक ठानेका कुनै पनि निश्चित भू-भागलाई, कुनै पनि समयमा पर्यटक तथा आगन्तुकहरुको लागि निश्चित अवधि सम्म निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ ।

उदय कुमार यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

९. **स्थानीय बासिन्दालाई आवागमनको सुविधा दिने**: स्थानीय बासिन्दाको हकमा व्यवस्थापन समितिको नीतिनियम तथा मापदण्डको अधिनमा रही गरिने कुनै पनि कार्य तथा गतिविधीहरुमा संलग्न हुन विशेष क्षेत्र भित्र आवत जावत गर्नु पर्ने भएमा स्विकृति वा अनुमती लिनु पर्ने छैन।

## परिच्छेद-४

## ब्यवस्थापन समितिको गठन, संचालन तथा विघटन सम्बन्धी व्यवस्था

१०. **विशेष क्षेत्र ब्यवस्थापन समितिको गठन**: (१) दफा ३ बमोजिम घोषित विशेष क्षेत्रको संरक्षण, ब्यवस्थापन तथा संचालन गर्न एक छुट्टै सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन समिति गठन गरिने छ।

(२) ब्यवस्थापन समितिमा देहाय बमोजिमका संस्थागत प्रतिनिधि तथा स्थानीय बासिन्दा सदस्य रहन सक्नेछन।

(क) विशेष क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षहरु -सदस्य

(ख) नेपाल आदिवासी जनजाति महासंघको गाउँपरिषद अध्यक्ष -सदस्य

(ग) सामुदायिक वन उपभोक्ता महासंघ नेपाल स्थानीय गाउँपालिका महासंघको अध्यक्ष -सदस्य

(घ) विशेष क्षेत्र वा आसपासमा वन तथा कृषि र पर्यापर्यटनमा आधारित महिला समूह वा आमा समूहको प्रतिनिधित्व हुने गरी सम्वन्धित वडा अध्यक्षले तोकेको दुई जना महिला -सदस्य

(ङ) विशेष क्षेत्र वा आसपासमा गोठ राखी पशुपालन गर्ने पशुपालक किसानहरुको प्रतिनिधित्व हुने गरी गाउँपालिका अध्यक्षले तोकेको एक जना (महिला) र कार्यापलिकाले तोकेको एकजना गरी दुई जना -सदस्य

(च) वातावरण, जैविक विविधता संरक्षण तथा पर्यापर्यटनका अभियन्ता मध्ये कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना -सदस्य

(छ) विशेष क्षेत्र अन्तर्गत जैविक तथा सांस्कृतिक विषयगत क्षेत्रमा काम गर्ने सामाजिक संस्थाहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना महिला सहित दुई जना -सदस्य

(३) विशेष क्षेत्रमा रहेको सव-डिभिजन वन कार्यालयको प्रमुख यस व्यवस्थापन समितिको प्रमुख सल्लाहकारको रुपमा रहनेछन।

(४) उपदफा (२) बमोजिमका सदस्यहरुले आफूहरु मध्येबाट आपसमा सहमति वा निर्वाचन गरी व्यवस्थापन समितिमा देहायका पदाधिकारीहरु छनौट गर्नु पर्नेछः

(क) अध्यक्ष -१ जना

(ख) उपाध्यक्ष -१ जना

(ग) सचिव -१ जना

(घ) कोषाध्यक्ष -१ जना

(५) व्यवस्थापन समितिले आफ्नो कार्य सञ्चालन प्रकृयालाई व्यस्थित गर्नको लागि विधान तर्जुमा गरी यस समितिलाई गाउँपालिका समक्ष दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम पेश हुन आएको विधान स्वीकृत गरी विशेष क्षेत्र व्यवस्थापन समिति दर्ता गर्न उपयुक्त भएमा दर्ता गरी उक्त समितिलाई दर्ता प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(७) ब्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ।

(८) कुनै पनि सदस्य उपदफा (४) को समान पदमा दुई कार्यकाल भन्दा बढी रहन पाउने छैन।

(९) उपदफा (५) को पदाधिकारी पदमा कम्तिमा दुई जना महिला सदस्यको प्रतिनिधित्व हुने गरी सर्व सहमति वा निर्वाचन गर्नु पर्नेछ।

उदय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

(१०) व्यवस्थापन समितिलाई गाउँपालिकाले आवश्यकता अनुसार समय-समयमा निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालना गर्नु व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

(११) व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था विधानमा तोकिए बमोजिम हुनेछ।

**११. व्यवस्थापन समितिको बैठक**:(१) ब्यवस्थापन समितिको बैठक त्रैमार्षिक रुपमा बस्नेछ । आवश्यकता अनुसार विशेष बैठक समेत बस्न सक्नेछ ।

(२) अध्यक्षसँग परामर्श गरी व्यवस्थापन समितिको सचिवले कम्तिमा २१ दिनको पूर्व सूचना दिई समितिको बैठक बोलाउने छ र समितिको बैठक आफ्नै कार्यालयमा वा अध्यक्षले तोकेको स्थानमा बस्नेछ।

(३) विधानमा तोके बमोजिम ब्यवस्थापन समितिको सक्रिय सदस्यहरु मध्ये कम्तीमा एकाउन्न प्रतिशत उपस्थिति भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) बैठकको अध्यक्षता व्यवस्थापन समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) बैठकको निर्णय सकेसम्म सर्वसहमतिमा गरिने छ र यदी सर्वसहमति हुन नसकेमा सामान्य बहुमतबाट गरिनेछ । तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सचिवद्वारा प्रमाणित गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(७) व्यवस्थापन समितिको बैठकमा आवश्यकतानुसार कुनै विशेषज्ञ वा सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१२. व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार**: ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विशेष क्षेत्रको दिगो संरक्षणका लागि सहभागितामूलक रुपमा व्यवस्थापन समितिको गुरु योजना तर्जुमा गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने ।

(ख) विशेष क्षेत्र भित्र सञ्चालन गरिने सामुदायिक विकास, भौतिक विकास, पर्यापर्यटन, वन्यजन्तु संरक्षण,जैविक विविधता संरक्षण आदि बिषयमा स्थानीय समुदाय र सरोकारवालाको क्षमता विकासका कार्यहरु गर्ने ।

(ग) विशेष क्षेत्रमा रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक, आध्यात्मिक वा अन्य यस्तै महत्वका सम्पदाहरुको संरक्षणका लागि सहयोग र समन्वय गर्ने ।

(घ) वन उपभोक्ताहरुको चाहना, क्षमता, आवश्यक्ता र मागको आधारमा नयाँ समुदायिक वन उपभोक्ता समुह गठन र सामुदायिक वन हस्तान्तरण गराउनका लागि अवश्यक सहयोग तथा सहजीकरण गर्ने।

(ङ) विशेष क्षेत्रमा रहेका विपन्न र सिमान्तकृत समुदायको जीविकोपार्जन र समृद्धिका लागि आवश्यक पर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।

(च) चौमासिक आर्थिक विवरण सहितको कार्यप्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्ने ।

(छ) ब्यवस्थापन समितिले वार्षिक कार्यप्रगतिको समिक्षा र योजनाको अद्यावधिक गर्ने ।

(ज) समितिको वार्षिक कार्यक्रम तथा प्रगति प्रतिवेदन र आयव्यय विवरण तथा लेखापरीक्षण प्रतिवेदनका बारेमा वार्षिक रुपमा सरोकारवालाहरु बीच सार्वजनिक सुनुवाई गरी व्यवस्थापन समितिको बैठकबाट पारित गर्ने र उक्त प्रतिवेदनहरुको एक एकप्रति गाउँपालिका र डिभिजन वन कार्यालयलाई समेत उपलब्ध गराउने ।

(झ) सामान्य घाइते तथा बेसहारा जङ्गली जनावर र चराचुरुङ्गीको उद्धार तथा प्राथमिक उपचार गर्ने, गराउने र गम्भिर घाइतेहरुलाइ उपचारको लागि डिभिजन वन कार्यालय मार्फत सम्वन्धित ठाउँमा पठाउने ।

(ञ) प्रचलित कानूनको अधिनमा रही विशेष क्षेत्रको वृहत्तर हितको लागि आवश्यकता अनुसारका अन्य कार्यहरु गर्ने।

(ट) विधानमा उल्लिखित कार्यहरु गर्ने।

**१३. विशेष क्षेत्र व्यवस्थापन योजना तर्जुमा र स्वीकृतिः** (१) व्यवस्थापन समितिले विशेष क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूह, वडा कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल आदिवासी जनजाति महासंघको नगरपरिषद्, नागरिक समाज लगायत अन्य सम्बन्धित सरोकारवालाहरुसँग आवश्यकता अनुसार समन्वय गरी विशेष क्षेत्र व्यवस्थापनका लागि आवश्यक विवरण खुलाई पञ्ज वर्षीय गुरु योजना तर्जुमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको गुरु योजना तर्जुमा गर्दा व्यवस्थापन समितिको अध्यक्षले बैठक बोलाई व्यवस्थापन योजनाका विषयमा छलफल गराई राय सुझाव संकलन गरी सोको आधारमा व्यवस्थापन योजना तर्जुमा गर्नु पर्नेछ र उक्त योजनामा लक्ष्य, उद्येश्य, रणनीति र वार्षिक रुपमा पाँच वर्षसम्म सञ्चालन गरिने कार्यक्रम र स्रोत समेत उल्लेख गर्नु पर्नेछ।

(३) व्यवस्थापन समितिकोले तर्जुमा गरेको प~च वर्षीय गुरु योजना अवश्यकता अनुसार समय समयमा सरोकारवालाहरुसँग आवश्यकता अनुसार परामर्श गरी सशोधन गर्न सकिनेछ।

(४) उपदफा (१) र (३) बमोजिमको व्यवस्थापन योजना तर्जुमा तथा संशोधनका लागि प्राविधिक सेवा आवश्यक परेमा व्यवस्थापन समितिले सम्बन्धित निकाय र सम्बन्धित विषयका प्राविधिकको सेवा लिन सक्नेछ।

(५) उपदफा (१) र (३) बमोजिमको व्यवस्थापन गुरु योजनालाई व्यवस्थापन समितिको बैठकबाट पारित गरी स्वीकृतिका लागि अध्यक्षले गाउँपालिकाको वातावरण शाखा मार्फत कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम गाउँ कार्यपालिका समक्ष पेश हुन आएको व्यवस्थापन योजनालाई अध्ययन गर्दा कुनै विषय सुधार वा परिमार्जन गर्नु पर्ने भएमा व्यवस्थापन समितिसँगको सहमतिमा आवश्यकता अनुसार सुधार वा परिमार्जन गरी गाउँ कार्यपालिकाले स्वीकृत गर्नेछ।

(७) उपदफा (५) बमोजिमको पेश हुन आएको व्यवस्थापन योजना र तत्सम्बन्धी अन्य विषयमा प्राविधिक राय परामर्शको लागि गाउँ कार्यपालिकाले प्राविधिक उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमिति गठन नभएकोमा अवस्थामा वातावरण शाखाको राय परामर्श लिन सकिनेछ।

**१४. व्यवस्थापन समिति स्वशाषित संस्था हुने:** (१) व्यवस्थापन समिति अविच्छिन्न उत्तराधिकारवाला स्वशाषित र संगठित संस्था हुनेछ।

(२) व्यवस्थापन समितिको कामकारवाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ।

(३) व्यवस्थापन समितिले व्यक्तिले जस्तै चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) व्यवस्थापन समितिले आफ्नो नामबाट नालिस उजुर गर्न र व्यवस्थापन परिषद उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

**१५. व्यवस्थापन समितिको कार्यालयः** सामुदायिक जैविक-साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्रको संरक्षण तथा ब्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहज हुने गरी गाउँपालिका क्षेत्र भित्र पायक पर्ने स्थानमा व्यवस्थापन समितिको एक कार्यालय राखिने छ।

**१६. उप-समिति गठन गर्न सक्ने:** (१) व्यवस्थापन समितिले दफा १२ बमोजिमको कुनै वा सबै काम, कर्तव्य तथा अधिकार प्रचलन गर्न कार्यकारिणी समिति लगायत अन्य उपसमिति गठन गर्न सक्ने छ।



उदय कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिम गठन भएको कार्यकारिणी समिति तथा अन्य उपसमितिको संरचना, काम, कर्तव्य, अधिकार, बैठक तथा विघटन सम्बन्धी व्यवस्था विधानमा उल्लेख भए बमोजिम तथा उल्लेख नभएको अवस्थामा व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

**१७. व्यवस्थापन समितिको विघटनः** (१) ब्यवस्थापन समितिको विषयमा लिखित रुपमा देहायको अवस्था विद्यमान रहेको भनी उजुरी परेमा र छानविन गर्दा त्यस्तो उजुरी मनासिब देखिएमा कार्यपालिका बैठकले व्यवस्थापन समिति विघटन गर्न सक्नेछः

(क) व्यवस्थापन योजना स्वीकृत नगराई वा स्वीकृत व्यवस्थापन योजना विपरीत कुनै कार्य गरेमा,

(ख) कुनै कार्यक्रम सञ्चालन गर्न प्राप्त रकम तथा व्यवस्थापन समितिको कोषको दुरुपयोग वा हिनामिना गरेको पाइएमा,

(ग) सामुदायिक वन उपभोक्ता समूह र स्थानीय वासन्दाहरुको हित विपरीत कुनै काम गरेमा; वा

(घ) जैविक-सांस्कृतिक सम्पदाको हानी नोकशानी हुने कार्य गरेमा।

(२) उपदफा (१) बमोजिमको अवस्था देखिएमा कार्यपालिकाले यस व्यवस्थापन समितिको विघटन गर्नु अघि विघटन गर्नु पर्नाको कारण खोली पैंतीस दिनको म्याददिई व्यवस्थापन समितिसँग स्पष्टीकरण माग गर्नु पर्नेछ।

(३) उपदफा (३) बमोजिम स्पष्टीकरण माग गरिएकोमा व्यवस्थापन समितिले निर्धारित अवधि भित्रै स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश गरेको स्पष्टिकरण सन्तोषजनक भएमा कार्यपालिकाले व्यवस्थापन समितिलाई आफ्नो जिम्मेवारी निर्वाह गर्न वा आफ्नो कामकारबाहीमा सुधार गर्न निर्देशन दिन सक्नेछ र असल नियतले काम गर्दा प्रचलित कानून र यस कार्यविधि विपरित कुनै कार्य भएमा वा कुनै त्रुटी भएमा उक्त कार्य सच्याउनका लागि आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएमा गाउँपालिकाले सम्वन्धित वडा अध्यक्ष, सवडिभिजन वन कार्यालयको प्रमुख र सम्वन्धित वडाको महिला सदस्य रहेको छानविन समिति गठन गरी समितिको काम कारबाहीको आवश्यक छानबिन गराउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम छानबिन गर्दा उपदफा (१) को अवस्था विद्यमान रहेको र उपदफा (४) बमोजिम दिएको निर्देशनको पालना पनि नगरेको प्रतिवेदन प्राप्त भएमा कार्यरपालिकाले व्यवस्थापन समिति विघटन गर्न सक्नेछ।

(७) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि समितिका दुई तिहाई सदस्यले त्यस्तो समिति विघटन गर्न गाउँपालिकामा कारण खुलाई लिखित अनुरोध गरेमा गाउँपालिकाले आवश्यक छानबिन गरी त्यस्तो समिति विघटन गर्न सक्नेछ।

(८) उपदफा (६) वा (७) बमोजिम समिति विघटन भएमा पुनः अर्को व्यवस्थापन समिति गठन हुनेछ र त्यसरी गठन हुने व्यवस्थापन समितिको पदावधि विशेष क्षेत्र ब्यवस्थापन समितिको बाँकी अवधिको लागि मात्र कायम रहनेछ।

(९) उपदफा (८) बमोजिम अर्को व्यवस्थापन समिति गठन नभएसम्मका लागि विघटन गरिएको व्यवस्थापन समितिले सम्पादन गर्दै आएको कामकारबाही गाउँपालिकाले मुनासिव व्यक्तिहरु समावेश गरी गठन गरेको तदर्थ समितिले गर्नु पर्नेछ।

(१०) यस दफामा व्यवस्था गरिएको प्रक्रिया अपनाई व्यवस्थापन समितिको कुनै सदस्यलाई समेत बर्खास्त गर्न सकिनेछ।

उदय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-५
## व्यवस्थापन समितिको आर्थिक प्रबन्ध सम्बन्धी व्यवस्था

**१८. व्यवस्थापन समितिको कोषः** (१) समितिको एउटा छुट्टै कोष हुनेछ र त्यस्तो कोषमा देहायका रकमहरु रहनेछन्ः

(क) दफा २० बमोजिम व्यवस्थापन समितिलाई प्राप्त हुने रकम,

(ख) कुनै संघ, संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम, र

(ग) प्रचलित कानून बमोजिम अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(२) उपदफा (१) बमोजिम जम्मा हुने रकम कुनै वाणिज्य बैंक वा विकास बैंकमा खाता खोली राख्नु पर्नेछ र खाताको सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ।

(३) व्यवस्थापन समितिले आफूलाई प्राप्त भएको रकम व्यवस्थापन योजनाले निर्दिष्ट गरेको कार्यक्रममा खर्च गर्नु पर्नेछ।

(४) व्यवस्थापन समितिको तर्फबाट गर्नुपर्ने खर्च र अन्य प्रशासनिक खर्च समितिको कोषबाट व्यहोरिनेछ। तर प्रशासनिक खर्च समितिको कुल खर्चको २० प्रतिशतभन्दा बढी हुने छैन।

(५) व्यवस्थापन समितिको कोष संचालन सम्बन्धी अन्य व्यवस्था विधानमा तोकिए बमोजिम हुनेछ।

**१९. व्यवस्थापन समितिको कोषको लेखा तथा लेखापरीक्षण:** (१) व्यवस्थापन समितिको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम मान्यता प्राप्त निकायले तोके बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) गाउँपालिकाले व्यवस्थापन समितिको हिसाबकिताब सम्बन्धी कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

(३) व्यवस्थापन समितिको हिसाब किताबको लेखापरीक्षण प्रचलित कानुन बमोजिम मान्यता प्राप्त लेखापरीक्षकबाट गराउनु पर्नेछ।

**२०. शुल्क वा दस्तुर लगाउन सक्नेः** (१) ब्यवस्थापन समितिले विशेष क्षेत्रको दीगो संरक्षण तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि सामुदायिक वन क्षेत्र बाहेकका क्षेत्रमा गाउँपालिकासँगको समन्वयमा देहाय बमोजिमको शुल्क वा दस्तुर निर्धारण गरी असूल गर्न सक्नेछः

(क) विशेष क्षेत्रभित्र विदेशी पर्यटक प्रवेश वापतको प्रवेश शुल्क।

(ख) विशेष क्षेत्र अवलोकन तथा फोटो खिचे वापतको शुल्क।

(ग) विशेष क्षेत्रभित्र व्यापारिक प्रयोजनको लागि डकुमेण्ट्री वा फिचर फिल्म छायांकन अनुमति दिए वापतको दस्तुर।

(घ) विशेष क्षेत्रभित्र होमस्टे लगायतका पर्यटन व्यवसाय सञ्चालन गर्न अनुमति दिए वापतको दस्तुर।

(ङ) यस कार्यविधि बमोजिमको सिफारिस तथा अनुमति दस्तुर।

(च) गाउँपालिको स्वीकृति लिई तोकेका अन्य विषय वापत प्राप्त हुने शुल्क वा दस्तुर।

(२) उपदफा (१) मा बमोजिम प्राप्त हुने रकम बढीमा तीन कार्य दिन भित्र व्यवस्थापन समितिको बैंक खातामा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्धार सम्बन्धी कार्यमा कुनै दस्तुर लाग्ने छैन।

(४) उपदफा (१) बमोजिम प्राप्त रकम व्यवस्थापन समितिले देहाय बमोजिम प्रयोग गर्नु पर्नेछ:

(क) वीस प्रतिशत रकम गाउँपालिकाको कोषमा दाखिला गर्नु पर्नेछ।

(ख) कम्तिमा तीस प्रतिशत रकम विशेष क्षेत्रको संरक्षण र व्यवस्थापनमा खर्च गर्नु पर्नेछ।

(ग) कम्तिमा वीस प्रतिशत रकम विशेष क्षेत्र वरिपरिका स्थानीय बासिन्दाको जीविकोपार्जन सम्बन्धी कार्यमा खर्च गर्नु पर्नेछ।



उदय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

(घ) कम्तिमा दस प्रतिशत रकम विशेष क्षेत्र वरिपरिको सामाजिक विकास कार्यमा खर्च गर्नु पर्नेछ।

(५) व्यवस्थापन समितिले विशेष क्षेत्रको संस्थागत आर्थिक गतिविधि सञ्चालन, व्यवस्थापन र नियमनको लागि एक छुट्टै आर्थिक प्रशासन नियमावली तर्जुमा गरी लागू गर्नेछ।

(६) विशेष क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकलाई प्रदान गरिने प्रवेश पत्र अनुसूची-२ बमोजिम हुनेछ।

(७) व्यवस्थापन समितिले विशेष क्षेत्रमा प्रवेश गर्ने पर्यापर्यटकको वर्गीकरण गर्न सक्नेछ।

## परिच्छेद-६
## विविध

**२१. प्रवर्धन:** (१) यस विशेष क्षेत्रको प्रचार प्रसार तथा प्रवर्धन गर्ने जिम्मेवारी गाउँपालिका तथा व्यवस्थापन समितिको हुनेछ।

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी पुरा गर्न व्यवस्थापन समितिले छुट्टै एकाई बनाउन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरी तापनि कुनै पनि निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी वा अन्य बाह्य व्यक्तिले गाउँपालिका वा व्यवस्थापन समितिसंग आवश्यकता अनुसार समन्वय गरी कुनै पनि सामाजिक सञ्जाल, वेभसाईट, ब्रोसर, साइनबोर्ड, पोस्टर जस्ता प्रचार प्रसारका सामाग्रीहरुको उत्पादन, पत्रपत्रिका, रेडियो, टेलिभिजन, महोत्सव, मेला, भ्रमण प्याकेजको निर्माण तथा प्रवर्द्धन जस्ता क्रियाकलापहरु गर्न सक्नेछ।

**२२. होमस्टे तथा गोठस्टे संचालन गर्न सक्ने**: (१) यस क्षेत्रमा गाउँपालिकाको स्थानीय कानुनको अधिनमा रही होमस्टे संचालन गर्न सकिनेछ।

(२) यस क्षेत्रको उच्च भू-भागमा रहेका परम्परागत गोठहरुलाई उचित व्यवस्थापन गरी व्यवस्थापन समितिले तोके बमोजिमको मापदण्ड पुरा गरी गोठस्टेको रुपमा संचालन गर्न सकिनेछ।

**२३. अधिकार प्रत्यायोजन:** व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये केही वा सबै अधिकार आवश्यकता अनुसार कार्यकारिणी समिति ,उपसमिति, कुनै सदस्य, कर्मचारी वा अन्य कुनै योग्य व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ।

**२४. थपघट, हेरफेर वा संशोधन**: आवश्यकता अनुसार व्यवस्थापन समितिसंग परामर्श गरी गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

**२५. कार्यपालिकाको निर्देशन बमोजिम हुने**: यस कार्यविधिमा उल्लेख नभएका यस कार्यविधिको कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाको निर्देशन बमोजिम हुनेछ।

**२६. दण्ड जरिवाना गर्न सक्ने**: यो कार्यविधि कसैले उल्लङ्घन गरे वा यस कार्यविधिमा निषेध गरिएका अवान्छित कार्यहरु कसैले गरेमा प्रचलित कानुनले तोकेकोमा बाहेक गाउँपालिकाले त्यस्तो उल्लंघनको गाम्भीर्यता हेरी जनही अधिकतम पचास हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ।

**२७. बाझिएमा हुने**: यो कार्यविधि वा यस कार्यविधिमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित संघीय कानून र प्रदेश कानून बमोजिम हुनेछ।

उदय कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

(दफा १ को उपदफा (२) सँग सम्बन्धित)

विशेष क्षेत्रको भौगालिक तथा प्रशासनिक क्षेत्र (प्रस्तावित चारकिल्ला)

१. पूर्वको सिमानाः

सान्थाक्रा,लिङतेप, थुकिमा, नाल्बू गाउँको मानवबस्ति क्षेत्र भन्दा माथी, ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाऊँपालिका ।

२. पश्चिमको सिमानाः

संखुवासभा जिल्लाको मकालु गाउँपालिका तथा सभापोखरी गाउँपालिकाको सिमाना ।

३. उत्तरको सिमानाः

ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाऊँपालिका र संखुवासभा जिल्लाको मकालु गाउँपालिका ।

४. दक्षिणको सिमानाः

ताप्लेजुङ जिल्लाका मैवाखोला गाऊँपालिका र थिङलाबू, लिङतेप गाउँको मानवबस्ति क्षेत्र भन्दा माथी ।

उदय कुमार यादव
जि. प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-२**
**(दफा १९ को उपदफा ६ सँग सम्बन्धित)**
**प्रवेशपत्र नमुना**

क्र.सं.: .................।                                        मिति: ........................

१. प्रवेशपत्र लिने व्यक्तिको नाम, थर:............................................................

२. ठेगानाः..................................................

३. उमेरः..........४. रक्त समुह:................ ५. लिङ्ग:....................

६. नागरिकता जारी भएको जिल्ला र नागरिकता नं.:.................................

७. विदेशी नागरिकको हकमा

क) पासपोर्ट जारी भएको देश र पासपोर्ट नं........... ख) प्रवेषाज्ञा समाप्त हुने मिति:............

८.भ्रमणको उद्देश्य:.....................................................................................

९.प्रवेश शुल्क:..........................................................................................

१०. प्रवेश पत्रको म्याद समाप्त हुने मिति:....................................

.............................                                        .............................

प्रवेशपत्र प्राप्त गर्नेको दस्तखत                                        (प्रवेशपत्र प्रदान गर्नेको दस्तखत)

**द्रष्टव्य:**

१. यो प्रवेशपत्र अर्को व्यक्तिलाई हस्तान्तरण गर्न पाईने छैन।

२. यस क्षेत्रभित्र रहुन्जेल प्रत्येक व्यक्तिले प्रवेशपत्र आफ्नो साथमा राख्नु पर्नेछ र पर्यापर्यापर्यटकिय क्षेत्रभित्र सम्बन्धित कर्मचारी तथा सुरक्षाकर्मीले हेर्न चाहेमा जुनसुकै बखत देखाउनु पर्नेछ।

३. यो प्रवेस पत्र बाहकले ..... सामुदायिक जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८१ लाई पूर्ण रुपले पालना गर्नु पर्नेछ।

४. पर्यटक तथा आगन्तुकहरुले सुविधाप्राप्त पदमार्ग बाहेक अन्यत्र घरपालुवा जनावर साथमा लैजान पाईने छैन ।

५. ठूलो ध्वानी उत्पन्न गर्ने सामग्रीहरु लैजान पाइने छैन।

उदय कुमार यादव
प्रि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

(दफा ९(१) सँग सम्बन्धित)

पर्यापर्यटकको वर्गीकरण विवरण

(क) एकल/सामुहिक रुपमा सिधै व्यवस्थापन तथा संचालन समितिको सम्पर्क मार्फत यात्रा गने।

(ख) अन्य संस्था वा कम्पनीको माध्यमबाट भ्रमण गर्ने व्यक्ति वा समूह।

(ग) अन्य संस्था वा कम्पनी मार्फत ग्रेटर हिमालयन ट्रेलको यात्रा गर्ने पर्यटक तथा आगन्तुकहरु।

(घ) बाह्य अनुसन्धानकर्ता तथा शैक्षिक पर्यटक तथा आगन्तुकहरु।

(ङ) डकुमेन्ट्री/फिल्मको निर्माण तथा सुटिङ्ग गर्ने विदेशीहरु।

(च) सार्क राष्ट्रका पर्यटक तथा आगन्तुकहरु।

(छ) सबै प्रकारका आन्तरिक पर्यटक तथा आगन्तुकहरु (सम्बन्धित गाँउपालिकाका बासिन्दाहरु बाहेक)


(ज) डकुमेन्ट्री/फिल्मको निर्माण तथा सुटिङ्ग गर्ने नेपालीहरु।

उदय कुमार यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची ४

## प्रस्तावित वाउण्ड्री (नक्शा)

Meringden Biocultural Heritage Landscape




आज्ञाले,

उदय कुमार यादव

नि.प्रमुख प्रशासकीय अधिकृत

उदय कुमार यादव
नि. प्रमुख प्रशासकीय अधिकृत